सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री अब्दुल अजीज मुसलमान
माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल
आदेश
०८१-WO-११८२

बिषयः- उत्प्रेषणसमेत।

डा. बद्री के.सी.............................................................................निवेदक

विरुद्ध

नेपाल सरकार परराष्ट्र मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत.................................विपक्षी

०८१-FN-०९४०

नेपाल सरकार परराष्ट्र मन्त्रालय सिंहदरबार काठमाडौं.........................................निवेदक

विरुद्ध

राजेश शमशेर राणा ...........................................................................विपक्षी

अन्तरिम आदेश प्रयोजनार्थ छलफलका लागि पेश हुन आएको प्रस्तुत निवेदन सहितको मिसिल अध्ययन गरी निवेदक नेपाल सरकार परराष्ट्र मन्त्रालय सिंहदरबार, काठमाडौंको तर्फबाट सहन्यायाधिवक्ता श्री उद्धवप्रसाद पुडासैनी, रिट निवेदक डा. बद्रि के.सी. समेतको तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिबक्ताहरु श्री बद्रिबहादुर कार्की, श्री शेरबहादुर के.सी., श्री रामनारायण विडारी, प्रा. डा. श्री विजयप्रसाद मिश्र, श्री केदारप्रसाद कोइराला, श्री भोजराज आचार्य र विद्वान अधिवक्ताहरू श्री तेजेन्द्र गिरी, श्री अपुर्व खतिवडा, श्री स्नेहा थापा, श्री सुदिप भण्डारी तथा विपक्षीहरूको तर्फबाट विद्वान बरिष्ठ अधिबक्ताहरू श्री शम्भु थापा, श्री सतिशकृष्ण खरेल, श्री उपेन्द्र केशरी न्यौपाने, श्री केदारप्रसाद दाहाल, श्री रमनकुमार श्रेष्ठ, श्री थानेश्वर काफ्ले, श्री नरेन्द्र प्रसाद गौतम तथा विद्वान अधिवक्ताहरू श्री सरोजकृष्ण घिमिरे, श्री मुना दाहाल, श्री रोशनी पौडेल, डा.श्री नारायणदत्त कंडेल, श्री रामेश्वर न्यौपाने,

Scanned with OKEN Scanner

श्री प्रविन सुवेदी, श्री रितेश पौडेल तथा राजेन्द्रकुमार शर्मा(आर. के) को तर्फबाट विद्वान बरिष्ठ अधिवक्ताहरू श्री गोविन्दप्रसाद शर्मा र डा.श्री दिनमणी पोखरेल ले गर्नु भएको बहस समेत सुनियो।

यसमा विपक्षीहरुबाट एकता महाधिवेशनको नाममा भएको काम कारवाहीबाट निवेदक संघ र निवेदक संघको वर्तमान ११ औं कार्य समितिलाई नेपालको संविधानको धारा १७(२)(घ) प्रदत्त संस्था खोल्ने हक, धारा १८(१) द्वारा प्रदत्त कानूनको समानता एवं समान संरक्षणको हक, ऐ. को धारा २५(१) र (२) द्वारा प्रदत्त सम्पत्ति सम्बन्धी हक, ऐ धारा १७(२) (च) द्वारा प्रदत्त उद्योग व्यापार तथा व्यवसाय संचालन गर्ने स्वतन्त्रताको हक, ऐ.को धारा २०(८) को आफ्नो विरुद्ध भएको काम कारवाहीको जानकारी पाउने हक र धारा २०(९) को स्वच्छ सुनुवाईको हक हनन हुनुका साथै रिट निवेदन नं. ०७९-WO-१५०७ र ०८०-WO-११५७ को अन्तिम आदेशको विपरित हुने हुँदा, संघको विधान र सम्मानित सर्वोच्च अदालतको आदेश रिट नं. ०८०-WO-११५७ विपरितको सदस्यता वितरण, महाधिवेशन प्रतिनिधि चयन गर्ने कार्य, महाधिवेशन सम्बन्धी कार्यहरु, संघको निर्वाचन विधान संशोधन सम्बन्धी कार्य, निर्वाचन सम्बन्धी सूचना प्रकाशित गर्ने कार्य उत्प्रेषणको आदेशले बदर गरी संघको ११ औं अन्तराष्ट्रिय महाधिवेंशनबाट निर्वाचित भई कार्य गरी रहेको सन् २०२३-२०२५ को अन्तराष्ट्रिय समन्वय परिषद (कार्यसमिति) को २ वर्षे कार्यकालमा कुनै अनुचित बन्देज लगाउने वा बाँधा पार्ने गरी कुनै किसिमको व्यवधान खडा नगर्नु नगराउनु भनी प्रतिषेधको आदेश तथा कार्य समितिलाई संघको विधान बमोजिमको पदावधि र कार्यकाल सुनिश्चता पश्चात अन्तराष्ट्रिय महाधिवेशन गर्न गराउन पाउने हकलाई प्रतिकुल नगरी निर्वाचित हुने अर्को कार्य समितिलाई निर्वाचन भई पुरा कामकाज गर्न दिनु भनी परमादेश लगायत उपयुक्त आदेश जारी गरी सर्वोच्च अदालतको रिट नं. ०७९-WO-१५०७ एवं ०८०-WO-११५७ मा भएको आदेश नेपालको संविधानको धारा १७, धारा १८ एवं धारा २५ समेत विपरित रहेकोले उत्प्रेषणको आदेशले सो समेत बदर गरी पाउँ साथै प्रस्तुत निवेदनको टुङ्गो लाग्न समय लाग्ने भएकोले विपक्षीहरुको काम कारवाहीबाट सर्वोच्च अदालतको उल्लेखित अन्तिम आदेश विपरित अदालतको आदेशको समेत अवहेलना हुने, गैर आवासिय नेपालीको चाहनालाई गम्भीर चोट पुग्ने एवं ०७९-WO-१५०७र रिट निवेदन नं. ०८०-WO-११५७ को अन्तिम आदेश समेत उल्लंघन हुने समेत भएकाले उल्लेख भए बमोजिमको घोषणा गरिएको निर्वाचन विधान संशोधन, निर्वाचन सम्बन्धी सूचना र महाधिवेशन कार्यक्रम अगाडी बढाउने कार्य नगर्नु नगराउनु निवेदकको कार्यलाई बाधा अडचन नगर्नु भनी सर्वोच्च अदालत नियमावलीको नियम ४९(१) बमोजिम विपक्षीहरुको नाममा अन्तरिम आदेश समेत जारी गरीपाउँ भन्ने निवेदकको मुख्य जिकिर सहित प्रस्तुत निवेदन यसै अदालतमा मिति

२०८२।१।१२ मा दर्ता भई अन्तरिम आदेश छलफल प्रयोनार्थ मिति २०८२।१।१५ देखि पेशी तारेख तोकि हेर्न नमिल्ने माननीय न्यायाधीशज्यूहरुमा परेको कारण सुनुवाई हुन नसकी यस इजलासमा मिति २०८२।१।२२ देखि आजसम्म निरन्तर सुनुवाईमा रहेको देखियो। आजको मिति सम्म विपक्षीहरुको लिखित जवाफ पेश हुन आएको नदेखिए पनि आदेशानुसार प्रत्यर्थीहरु निवेदनसहित अन्तरिम आदेश छलफलमा सहभागी भएको देखियो। दुवै पक्षको छलफल एवं विद्धतापूर्ण वहस सुनी मिसिल समेत अध्ययन गरी निवेदन माग बमोजिम अन्तरिम आदेश जारी हुने वा नहुने विषयमा नै यस अदालतले बोल्नु पर्ने देखियो। त्यसतर्फ हेर्दा यस भन्दा अघि ०७९-WO-१५०७ को निवेदक राजेश शमसेर राणा विपक्षी परराष्ट्र मन्त्रालयसमेत भएको उत्प्रेषणयुक्त परमादेश मुद्दा यस अदालतमा परी सो मुद्दामा मिति २०८०।१२।२१ मा फैसला/आदेश हुँदा मिति २०७८।१०।१ मा सम्पन्न ८१ औं बैठकले गठन गरेको उच्च स्तरीय समितिलाई यथावत कायम राख्दै ६ जना सदस्यहरु थप गरी पूर्णपाठ प्राप्त भएको ३० दिनभित्र पहिलो बैठक बसी सोको ६ महिना भित्र एकतापूर्ण महाधिवेशनसमेत गर्ने गराउने गरी अन्तिम आदेश भएको देखियो।

सो आदेश पश्चात उच्च स्तरीय समितिले एकताको महाधिवेशन गरी उक्त अन्तराष्ट्रिय समन्वय परिषद्को गठन नभएसम्मका लागि संघको सचिवालयबाट नियमित प्रशासनिक काम कारवाही बाहेक संघको एकता पारस्परिक सहयोग र सद्भाव अभिवृद्धि मै असर पुग्ने कुनै पनि गतिविधि नगर्नु भनी मिति २०८०।१२।२८ मा परराष्ट्र मन्त्रालयले पत्र जारी गरेकोमा सो पत्र गैरकानूनी भएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरी पाउँ भन्ने समेत बेहोराको निवेदक कृष्णप्रसाद तिमिल्सिना विपक्षी परराष्ट्र मन्त्रालयसमेत भएको ०८०-WO-११५७ को उत्प्रेषण समेतको मुद्दा परि सो मुद्दामा मिति ०८१।४।२२ मा अन्तिम आदेश हुँदा अन्तराष्ट्रिय महाधिवेशनले सन् २०२३-२०२५ को कार्यकालको लागि अन्तराष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरुको निर्वाचन समेत सम्पन्न गरेको र उक्त ११ औं महाधिवेशनको वैद्यता बारे कसैले प्रश्न नउठाएको अवस्था भएको साथै संघको विधान बमोजिम हुनुपर्ने २२ औं, २३ औं साधारण सभा समेत सम्पन्न भएको, एघारौं अन्तराष्ट्रिय महाधिवेशन सम्पन्न भई मिति ०८०।७।५ देखि नै निर्वाचित अन्तराष्ट्रिय समन्वय समितिले काम गरी रहेको देखिएको भन्ने समेत बेहोरा उल्लेख गरी, परराष्ट्र मन्त्रालयबाट मिति २०८०।१२।२८ मा लेखिएको पत्र उत्प्रेषणको आदेशले बदर हुने ठहर गरी मिति २०८१।४।२२ मा फैसला (आदेश) भएको देखियो।

आज अन्तरिम आदेश छलफलमा पेश हुन आएको प्रस्तुत निवेदनको सन्दर्भमा विचार गर्दा निवेदक डा. बद्री के.सी.ले निजको अध्यक्षतामा गठन भएको २०२३-२०२५ को कार्यकालको लागि गठन भएको कार्य समिति मिति २०८०।७।५ देखि कार्य गर्दै आएको

र सो समितिको कार्यकाल मिति २०८२।७।४ सम्म भएको सो अवधि भित्र संघको अर्को महाधिवेशन भएमा मेरो अध्यक्षतामा गठन भएको २०२३-२०२५ को २ वर्ष को कार्यकालमा बाधा अवरोध हुन जाने साथै ०८०-WO-१५५७ को यस अदालतबाट भएको फैसला (आदेश) को उल्लंघन हुन जाने भएकोले मिति २०८२।१।२०, २०८२।१।२१, २०८२।१।२२ मा घोषणा गरिएको निर्वाचन, विधान संशोधन निर्वाचन सम्बन्धी सूचना र महाधिवेशनको कार्यक्रम अगाडी बढाउने कार्य नगर्नु नगराउनु, निवेदकको कार्यलाई बाधा अडचन नगर्नु नगराउनु भन्ने परमादेश समेतको माग गरेको देखियो।

यस अदालतबाट फैसला भएको रिट नं. ०७९-WO-१५०७ को मुद्दामा सबै पक्षलाई समेटी एकता महाधिवेशन गर्नु भन्ने सो फैसलाको मर्म र भावना भएको देखिएको र उक्त फैसलाबाट निवेदक डा. बद्री के.सी. को कार्य समितिलाई गैरकानूनी करार गरेको नदेखिएको र ०८०-WO-११५७ को मुद्दामा डा. बद्री के.सी. मिति २०८०।७।५ मा निर्वाचित भई सो अन्तराष्ट्रिय समन्वय परिषद्को पदावधि मिति २०८२।७।४ सम्म रहेको भन्ने कुरा उल्लेख गरी फैसलामा बोलिएबाट प्रस्तुत निवेदनमा माग भए बमोजिम ०७९-WO-१५०७ को फैसला बमोजिम पूर्ण एकता महाधिवेशन गर्न दिने हो वा ०८०-WO-११५७ को मुद्दामा बोलिए झै २०८२।७।४ सम्म निवेदक डा. बद्री के.सीको अध्यक्षतामा गठन भएको अन्तराष्ट्रिय समन्वय परिषद (कार्य समिति) ले नै कार्य गर्न पाउने हो सो विषयमा निश्चित न्यायिक धारणा निर्माण गर्न कानुनको व्याख्या एवं निश्चित कानुनी सिद्धान्त अवलम्बन गर्न उपयुक्त र आवश्यक देखिन आएकोले प्रस्तुत निवेदनमा माग भएको अन्तरिम आदेश छलफल गराई अन्तरिम आदेश जारी हुने वा नहुने विषयमा आदेश गर्न, ०८२-FN-०९४० को निवेदनमा बोल्न एवं सो पश्चात प्रस्तुत निवेदनको अन्तिम किनारा गर्न गराउन समेत सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ को उपनियम (२) को खण्ड (ख) बमोजिम यस अदालतको पूर्ण इजलासमा पेश गर्नु। प्रस्तुत रिट निवेदन र ०८०-FN-०९४० को संयुक्त इजलासको लगत समेत कट्टा गर्नु।

(बालकृष्ण ढकाल)
न्यायाधीश

(अब्दुल अजीज मुसलमान)
न्यायाधीश

संवत् २०८२ साल वैशाख २३ गते रोज ०३ शुभम् .......................................।